# खिजीदेम्वा गाउँपालिकाको

## विनियोजन ऐन, २०७७

**गाउँ सभाबाट स्वीकृत मिति : २०७७/०३/१०**

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

# उद्देश्य र कारण

खिजीदेम्वा गाउँपालिकामा अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा सञ्चित कोषमा रहेको रकमलाई गाउँ कार्यपालिका तथा विषयगत कार्यालयहरुका साथै सम्पूर्ण विषयक्षेत्रमा न्यायोचित ढंगले वितरण गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, राजस्व परिचालनबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै सञ्चित कोषमा रहेको रकमलाई खिजीदेम्वा गाउँपालिकाका सवै वडा तथा क्षेत्रमा न्यायोचित ढंगले वितरण गरी समग्र खिजीदेम्वाको सन्तुलित विकासको माध्यमबाट खिजीदेमवाबासीको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

**(सुशिला तामाङ)**
**उपाध्यक्ष,**
**खिजीदेम्वा गाउँपालिका**

# खिजीदेम्वा गाउँपालिकाको विनियोजन ऐन, २०७७

सभाबाट स्वीकृत मितिः २०७७/०३/१०.

**प्रस्तावनाः** खिजीदेम्वा गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खिजीदेम्वा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम " खिजीदेम्वा गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४२,४३,४४,०००।- (अक्षेरुपी बयालिस करोड त्रिचालिस लाख चवालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त खिजीदेम्वा गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

कोभिड १९ को विश्वव्यापी महामारीका कारण अर्थतन्त्रमा परेको असरले खिजीदेम्वा गाउँपालिकामा प्राप्त हुने राजस्व वाँडफाँड तथा आन्तरीक स्रोत न्यून प्राप्त हुन गएमा विनियोजित योजना तथा कार्यक्रम संचालन गर्न वा संचालिन भईसकेका योजना तथा कार्यक्रममा भुक्तानी दिन रकम अपुग भएमा नेपाल सरकारको सशर्त बजेटको संचित शिर्षकबाट सापटी खर्चको रुपमा बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिइन सकिने छ ।

त्यस्तो सापटीको रुपमा खर्च गरिएको रकम आगामी आर्थिक बर्ष २०७८।०७९ को गाउँपालिकाको आन्तरीक स्रोत, राजस्व वाँडफाँड तथा समानीकरणबाट फिर्ता गर्ने गरी बजेटको सुनिश्चितता गर्ने सकिने छ ।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिकाको कार्यालय (वडा कार्यालय समेत) | २२,०५,२९ | २०,३८,१५ | ० | ४२,४३,४४ |
| २ | | बिषयगत शाखा | | | | |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | | |